# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०२।२८ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---------------------------------------------------

२०७५ सालको २०७५।१२।१० गतेबाट सुरु भएको माध्यमिक शिक्षा परीक्षा (SEE) को अनिवार्य विज्ञान र सामाजिक अध्ययन लगायतका विषयहरूको प्रश्नपत्र परीक्षा अगावै सार्वजनिक गरेको भन्ने प्रहरी प्रधान कार्यालय, केन्द्रिय अनुसन्धान ब्यूरोको प्रतिवेदन सम्बन्धमा अनुसन्धान हुँदा ईलाका प्रहरी कार्यालय, कल्याणपुर सिरहामा कार्यरत प्रहरी जवान दिपेन्द्र कुमार मण्डल समेतले २०७५ सालको SEE परीक्षाको प्रश्नपत्र अनधिकृत रूपमा निकाली परीक्षा सुरू हुने निर्धारित समय अगावै सार्वजनिक गरी गैरकानूनी लाभ पुऱ्याउने बदनियतले प्रश्नपत्रको गोपनियता भंग गरेको र SEE परीक्षाको प्रश्नपत्र अनधिकृत रूपमा निकाली परीक्षा सुरू हुने निर्धारित समय अगावै सार्वजनिक गरी गोपनियता भंग गर्ने कार्यमा सहयोग गरेको र प्रश्नपत्रहरु प्राप्त गरी सुविधा समेत लिएको देखिई भ्रष्टाचार निवारण ऐन,२०५९ बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा उक्त कार्यमा संलग्न रहेका ईलाका प्रहरी कार्यालय, कल्याणपुर सिरहामा कार्यरत प्रहरी जवान दिपेन्द्र कुमार मण्डल, प्रहरी जवान ब्रम्हा देव सुनरैत, नि.मा.वि. राहत दरवन्दी शिक्षक मनोज कुमार यादव र प्रतिबादीहरू अरोध यादव, विष्णुदेव यादव, राजेश कुमार यादव, ववरमहल N(एन) (परिवर्तित नाम), ववरमहल M(एम) (परिवर्तित नाम), टंगाल००१ (परिवर्तित नाम), टंगाल००२ (परिवर्तित नाम), श्रवण यादव र ईन्दल यादवलाई देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजायको मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

देहाय :-

| सि.न | नामथर | पद/कार्यालय | सजाय मागदावी |
|---|---|---|---|
| १ | दिपेन्द्र कुमार मण्डल | प्रहरी जवान , ईलाका प्रहरी कार्यालय, कल्याणपुर सिरहा | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुरमा ऐ.ऐनको दफा १३ बमोजिम सजाय हुन मागदाबी । |
| २ | ब्रम्हा देव सुनरैत | ,, | ,, |
| ३ | मनोज कुमार यादव | नि.मा.वि राहत दरवन्दी शिक्षक | ,, |
| ४ | अरोध यादव | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुरमा ऐ.ऐनको दफा १३ ले हुने सजायमा ऐ.ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांशबमोजिम सजाय हुन । |
| ५ | विष्णुदेव यादव | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुरमा ऐ.ऐनको दफा १३ ले हुने सजायमा ऐ.ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांशबमोजिम सजाय हुन । |

| सि.न | नामथर | पद/कार्यालय | सजाय मागदावी |
|---|---|---|---|
| ६ | राजेश कुमार यादव | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुरमा ऐ.ऐनको दफा १३ ले हुने सजायमा ऐ.ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय हुन। |
| ७ | ववरमहल N(एन) (परिवर्तित नाम) | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुरमा ऐ.ऐनको दफा १३ ले हुने सजायमा ऐ.ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांशबमोजिम सजाय हुन र वारदातको समयमा प्रतिवादी नाबालक रहेकोले वालवालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (४) बमोजिम हुन । |
| ८ | ववरमहल M(एम) (परिवर्तित नाम) | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुरमा ऐ.ऐनको दफा १३ ले हुने सजायमा ऐ.ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांशबमोजिम सजाय हुन र वारदातको समयमा प्रतिवादी नाबालक रहेकोले वालवालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (४) बमोजिम हुन । |
| ९ | टंगाल००१ (परिवर्तित नाम) | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुरमा ऐ.ऐनको दफा १३ ले हुने सजायमा ऐ.ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांशबमोजिम सजाय हुन र वारदातको समयमा प्रतिवादी नाबालक रहेकोले वालवालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (३) बमोजिम हुन। |
| १० | टंगाल००२ (परिवर्तित नाम) | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुरमा ऐ.ऐनको दफा १३ ले हुने सजायमा ऐ.ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांशबमोजिम सजाय हुन र वारदातको समयमा प्रतिवादी नाबालक रहेकोले वालवालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (३) बमोजिम हुन । |
| ११ | श्रवण यादव | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुरमा ऐ.ऐनको दफा १३ ले हुने सजायमा ऐ.ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय हुन । |
| १२ | ईन्दल यादव | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुरमा ऐ.ऐनको दफा १३ ले हुने सजायमा ऐ.ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय हुन । |

(मदन कोइराला)

सहायक प्रवक्ता